# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल कार्यसञ्चालन तथा व्यवस्थापन नियमावली, २०६६

<u>सञ्चालक समितिबाट स्वीकृत मिति : २०६६।१०।२३</u>

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ (पहिलो संशोधन सहित) को दफा २४ ले दिएको अधिकार प्रयोग गरी अस्पताल सञ्चालक समितिले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "बी.पी कोइराला मेमोरियल क्यान्सर अस्पताल (कार्य सञ्चालन तथा व्स्थापन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "अस्पताल" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल सम्झनु पर्छ र सो शव्दले अन्य स्थानमा स्थापना हुने अस्पतालको शाखा वा ईकाइ समेतलाई जनाउँदछ ।

(ग) "समिति" भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको अस्पताल सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(छ) "प्रस्ताव" भन्नाले वैठकमा अध्यक्ष वा निजको अनुमतिले सदस्य-सचिवद्वारा निर्णयार्थ प्रस्तुत गरिने विषयवस्तु सहितको विवरण सम्झनु पर्छ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा १२ को उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(झ) "निर्णय पुस्तिका (माईन्यूट)" भन्नाले समितिको वैठकमा भएका निर्णयको अभिलेख सहितको विवरण सम्झनुपर्छ ।

(झ) "पदाधिकारी" भन्नाले समितिको अध्यक्ष, सदस्य र कार्यकारी निर्देशकलाई सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संझनुपर्छ ।

## परिच्छेद २
## बैठक सम्बन्धि ब्यबस्था :

३. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक कम्तीमा दुइ महिनामा एक पटक बस्नेछ। तर आवश्यकतानुसार सो भन्दा अगावै बैठक बस्न सक्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

४. समितिको बैठक बोलाउने विधि : (१) समितिको बैठक अध्यक्षको अनुमति लिएर सदस्य-सचिवले बोलाउने छ।

(२) उपनियम (१) बमोजिम बैठक बोलाउँदा प्रस्तावित बैठकमा छलफल हुने विषय सूचि सहितको विवरण सामान्यतया बैठक बस्नु भन्दा कम्तिमा सात दिन अगावै समितिको सदस्यलाई उपलब्ध गराउनुपर्ने छ।

(३) कुनै अपरझट कारण परी आकस्मिक बैठक बस्नु पर्ने अवस्था भएमा उपनियम (२) बमोजिमको प्रकृया पूरा नगरेका कारणले बैठक बोलाउन बाधा परेको मानिने छैन।

(४) उपनियम (३) बमोजिम आकस्मिक बैठक वस्नु पर्नाको कारण सहितको पुष्टयाई समितिको बैठकमा अध्यक्षले दिनुपर्नेछ।

(५) बिशेष परिस्थितीमा कूल सदस्यसंख्याको एक तिहाइले बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले १५ दिन भित्र बैठक बोलाउन पर्नेछ। तर उक्त अबधि भित्र पनि बैठक नबोलाएको खण्डमा ७ दिन भित्र बहुमत सदस्यहरुको बैठक बस्न बाधा पर्ने छैन।

५. प्रंस्ताव सम्बन्धी व्यवस्था : (१) अस्पतालको बृहत हितको लागि तत्काल कुनै काम गर्न आवश्यक छ भन्ने लागेमा समितिका कुनै पनि सदस्यले समितिको बैठकमा प्रस्ताव लैजान सक्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव समितिको बैठक बस्नुभन्दा सात दिन अगावै समितिमा पेश गर्नुपर्नेछ।

(३) समितिको बैठकमा पेश गरिने कार्यसूची तयार गर्दा सामान्यतया देहायको विषयहरु समाबेश गरिनेछः-

(क) अस्पतालको निर्माण, विकास, विस्तार, व्यवस्थापन तथा सञ्चालन र तत् सम्बन्धी विषय,
(ख) क्यान्सर रोगको रोकथाम, निदान, उपचार तथा तत्सम्बन्धी अध्ययन, अनुसन्धानको कार्यमा अस्पतालबाट उपलब्ध गराईने सेवा तथा सुविधा र तत्सम्बन्धी विषय,
(ग) अस्पतालको उद्देश्य प्राप्तिका लागि अपनाउनु पर्ने तथा सञ्चालन गरिनु पर्ने आवश्यक कार्यक्रम तथा तत्सम्बन्धी विषय,
(घ) अस्पतालको वार्षिक योजना, कार्यक्रम, बजेट तथा प्रतिवेदन सम्बन्धी बिषय,
(ङ) अस्पतालको कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन सम्बन्धी विषय,
(च) विविध

६. <u>समितिको निर्णय</u> : (१) समितिको सामान्य बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ ।

(२) समितिको बैठकमा कुनै विषय उपर छलफल हुँदा समितिका सदस्यको मत विभाजन भई बराबर हुन गएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

तर दीर्घकालीन असर पर्ने प्रकृतिका नीतिगत बिषयमा निर्णय गर्न समितिको दुइ तिहाइ मत आवश्यक पर्नेछ ।

७ <u>निर्णय पुस्तिका</u>:(१) बैठकको निर्णय पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ ।

(२) बैठकको निर्णय निर्णय पुस्तिकामा उतार गरि अध्यक्ष, कम्तीमा एक जना सदस्य र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

३) बैठकको निर्णयको जानकारी सवै सदस्यहरुलाइ सचिवालयबाट तीन दिन भित्र पठाइने छ ।

८. <u>गणपुरक संख्या</u> : समितिको कूल सदस्य संख्याको एकाउन्न प्रतिशत वा सो भन्दा बढि सदस्यको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

९. <u>वैठक भत्ता</u>: **सदस्यले** समितिको वैठकमा भाग लिए वापत पाउने वैठक भत्ता अनुसूचि १ बमोजिम हुनेछ ।

## परिच्छेद ३
## <u>पदाधिकारी सम्बन्धि ब्यबस्था :</u>

१०. <u>शपथग्रहण</u> : (१) समितिका अध्यक्ष, सदस्य तथा कार्यकारी निर्देशकले आफ्नो पदीय कार्यभार सम्हाल्नु अघि अनुसूची-२ बमोजिमको ढाँचामा लिखित शपथ लिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको शपथ लिंदा अध्यक्षले स्वास्थ्य तथा जनसंख्या मन्त्री वा राज्यमन्त्री समक्ष र सदस्य तथा सदस्य सचिवले अध्यक्ष समक्ष लिखित शपथ लिनुपर्नेछ ।

११. <u>अध्यक्षको काम, कर्तव्य तथा अधिकार</u> : अस्पतालको प्रमुखको हैसियतले ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) अस्पतालको काम कार्यवाहीमा आवश्यक रेखदेख, नियन्त्रण, अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्ने गराउने,

(ख) खण्ड (क) बमोजिम अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षणबाट कुनै त्रुटि वा कमी कमजोरी देखिएमा त्यस्तो त्रुटी वा कमी कमजोरी तत्काल हटाउन सम्बन्धित पदाधिकारीलाई निर्देशन दिने,

(ग) अस्पतालको बार्षिक आवधिक र दीर्घकालिन नीति, योजना र कार्यकम तर्जुमा गर्ने, गराउने,

(घ) खण्ड (ग) बमोजिम तर्जुमा भएको नीति, योजना र कार्यकम स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ङ)   खण्ड (घ) बमोजिम समितिबाट पारित नीति,  योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने
(च)   खण्ड (घ) वा (ङ) बमोजिमका नीति,  योजना र कार्यक्रम कार्यान्वयन भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गरी कार्यान्वयन नभएको देखिएमा तत्काल कार्यान्वयन गर्ने, गराउने,
(छ)   खण्ड (च) बमोजिम अनुगमन गर्दा कुनै त्रुटि देखिएमा र त्यस्तो त्रुटिबाट अस्पताललाई गंभिर तथा दीर्घकालिन हानी हुने लागेमा सम्बन्धित विशेषज्ञ सम्मिलित जाँचबुझ उपसमिति गठन गरी समितिको निर्णय अनुसार कार्यान्वयन गर्ने, गराउने,
(ज)   अस्पतालमा तत्काल कुनै काम नगर्दा अस्पताललाई नै गंभिर हानी नोक्सानी हुने देखिएमा सो काम गरी समितिबाट अनुमोदन गराउने,
(झ)   समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,
(ञ)   समिति र मन्त्रालयले अस्पतालको विकास तथा विस्तारको लागि समय समयमा दिएका निर्देशनहरु पालन गर्ने, गराउने,
(ट)   अस्पतालको हितको लागि उपयुक्त देखिएका अन्य काम गर्ने ।

१२.   **अध्यक्षको सुविधा** : अध्यक्षको भत्ता तथा सेवा सुविधा अनुसूची-१ र ४ मा तोकिए बमोजिम हुनेछ ।

१३.   **अध्यक्षले जानकारी गराउने** : (१) अध्यक्षले दुई महिना वा सो भन्दा बढी अस्पतालमा अनुपस्थित हुने अवस्था भएमा सो को जानकारी समिति र मन्त्रालयलाई गराउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अस्पतालमा अनुपस्थित भएमा निजले गर्ने काम समितिले तोकेको समितिको कुनै सदस्यले गर्नेछ ।

१४.   **कार्यकारी निर्देशकको नियुक्ति** : (१) अस्पतालको दैनिक कार्य सञ्चालनको लागि समितिले नियम १५   बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिहरु मध्येबाट कुनै एक जना व्यक्तिलाई उपयुक्तताको आधारमा कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुनेछ र निज पुनः   नियुक्त हुन सक्नेछ ।

३) कार्यकारी निर्देशक ६० बर्षसम्म पदमा बहाल रहन सक्नेछ ।

१५.   **सिफारिश समिति** : (१) अस्पतालको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि उपयुक्त व्यक्ति सिफारिश गर्न समितिले देहायको सिफारिश समिति गठन गर्नेछ :-

(क)   समितिले तोकिदिएको समितिको सदस्य   - संयोजक

(ख)   समितिमा ऐनको दफा १ को च,छ, र झ बमोजिम मनोनित चिकित्सक सदस्य मध्येबाट अध्यक्ष ले तोकेको एक जना   - सदस्य

(ग)   स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समितिमा प्रतिनिधित्व गर्ने प्रतिनिधि- सदस्य

(२) उपनियम (१) बमोजिमको सिफारिश समितिले कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि उपयुक्त तीन जना सिनियर कन्सल्टेण्ट वा कन्सल्टेण्ट चिकित्सकको  नाम सिफारिश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सिफारिश गर्दा देहाय बमोजिम हुनु पर्ने छ ।

क) अस्पतालमा कार्यरत कन्सल्टेण्ट चिकित्सक वा

ख) क्यान्सरको कुनै बिधामा स्नातकोतर उपाधी हासिल गरी नेपाल मेडिकल काउन्सीलमा बिशेषज्ञको रुपमा दर्ता भै १० बर्ष काम गरेको चिकित्सक वा

ग) अन्य चिकित्सा बिधामा स्नातकोतर उपाधी हासिल गरी सरकारी सेवा वा नेपाल सरकारको स्वामित्व रहेको स्वास्थ्य संस्थाको क्यान्सर युनिटमा कम्तीमा १२ बर्ष कार्यानुभव प्राप्त चिकित्सक।

१६. कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्ने : (१) नियम १४ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा समितिले कार्यकारी निर्देशकलाई निजको अवधि पूरा हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) विना अनुमति लगातार एक महिनाभन्दा बढि अस्पतालमा अनुपस्थित भएमा,

(ख) अस्पताललाई गंभिर आर्थिक क्षति पु¥याएमा,

(ग) पदीय दायित्व इमान्दारीपुर्वक बहन गर्न नसकको ठहरिएमा

(घ) भ्रष्टाचार गरेको प्रमाणित भएमा।

(२) कार्यकारी निर्देशकले उपनियम (१) (क) (ख) र (घ) विपरित कुनै काम गरेमा निजलाई अध्यक्षले तत्काल निलम्बन गरी छानविन गराउन सक्नेछ।

तर, यसरी निलम्बन गरेको बिषय निलम्वन गरेको मितिले ७ दिन भित्र समितीको बैठकमा पेश गर्नु पर्नेछ।

(३) समितिले उपनियम (२) बमोजिम छानविन गर्न आवश्यकतानुसार छानविन उपसमिति गठन गर्न सक्नेछ। यसरी गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार त्यस्तो उपसमिति गठन हुँदाकै बखत निर्धारण गरिनेछ।

(४) यस नियम बमोजिम कार्यकारी निर्देशकलाई कारवाही गर्दा निज उपर लागेको आरोपको सम्बन्धमा सफाई पेश गर्ने मनासिव माफिकको मौकाबाट बञ्चित गरिने छैन।

१७. कार्यकारी निर्देशकको काम, कर्तव्य तथा अधिकारः (१) कार्यकारी निर्देशकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशनमा अस्पतालको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(ग) अध्यक्षको समन्वयमा अस्पतालको बार्षिक योजना सहितको आय-व्यय अनुमान समितिमा पेश गर्ने,

(घ) अध्यक्षको अनुमति लिई समितिको बैठक बोलाउने,

(ङ) समितिको बैठक समक्ष पेश गर्ने प्रस्ताव तथा छलफलका विषयसूची र कार्यबिधीहरु तयार गर्ने,

(च) अस्पतालको प्रशासकीय प्रमुख भै काम गर्ने,

(छ) अस्पतालका कर्मचारीको कार्य बिबरण तयार गरी कार्यान्वयन गर्ने, गराउने

(ज) अस्पतालका कर्मचारी र समिति विच समन्वयात्मक भूमिका निर्वाह गर्ने,

(झ) समितिले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने

(ञ) मन्त्रालय, समिति र अध्यक्षले दिएको निर्देशनको पालना गर्ने, गराउने

(ट) अस्पताललाइ हित हुने गरी अन्य संघ संस्थाहरुसंग राष्टिय रुपमा आफै र अन्तरराष्टिय रुपमा अध्यक्षसंग परामर्श गरी MOU गर्ने र समितिलाइ जानकारी गराउने।

(ठ) अस्पतालको हित हुने अन्य कार्य गर्ने ।

१८. सदस्य सचिवको काम कर्तब्य र अधिकार : यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सदस्य- सचिवको हैसियतले कार्यकारी निर्देशकका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयनमा नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरी आफ्नो राय प्रतिवेदन अध्यक्ष समक्ष पेश गर्ने,

(ख) खण्ड (क) बमोजिम अस्पतालको नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा देखा परेका समस्याको पहिचान गरी त्यस्तो समस्याको निराकरणको लागि अध्यक्षलाई आवश्यक सल्लाह तथा सुझाव पेश गर्ने,

(ग) ऐन तथा यस नियमावलीमा उल्लेख भए बमोजिमका अन्य कार्यहरू गर्ने,

(घ) समिति तथा अध्यक्षले तोकेको, निर्देशन दिएको, प्रत्यायोजन गरे बमोजिमका अन्य कार्यहरू गर्ने ।

ङ.) समितिको सचिवालयको जिम्मेवारी बहन गर्ने

१९. कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधाः (१) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ ।

तर अस्पतालमा कार्यरत कुनै चिकित्सक कार्यकारी निर्देशकको पदमा नियुक्त भएमा कार्यकारी निर्देशकको पदमा नियुक्त हुनुभन्दा अघिको पदको कुनै पनि सुविधा पाउने छैन ।

२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अस्पतालमा कार्यरत चिकित्सक नै कार्यकारी निर्देशकको पदमा नियुक्ति भएमा त्यस्तो चिकित्सकले कार्यकारी निर्देशकको पदमा नियुक्त हुनुभन्दा अघि खाईपाई आएको सुविधामा नघट्ने गरी सुविधा उपलब्ध गराइनेछ ।

२०. कार्यकारी निर्देशकको बिदाः (१) कार्यकारी निर्देशकले देहाय बमोजिमको बिदाहरू पाउनेछ :-

(क) पर्व बिदा र भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) विशेष बिदा,

(च) सूत्केरी तथा प्रसुति स्याहार बिदा

(छ) समितिले निर्धारण गरे बमोजिमको सार्वजनिक बिदा ।

(२) कार्यकारी निर्देशकले प्रत्येक वर्ष पर्व बिदा ६ दिन र भैपरी आउने बिदा ६ दिन पाउनेछ ।

(३) कार्यकारी निर्देशकले काम गरेको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ । नीजको घर बिदा सञ्चित हुनेछ । भैपरी आउने बिदा, पर्व बिदा र सार्वजनिक बिदाको दिनलाई समेत घर बिदाको प्रयोजनको लागि काम गरेको दिन मानिनेछ ।

(४) कार्यकारी निर्देशकले प्रत्येक वर्ष बाह्र दिनको दरले बिरामी बिदा पाउनेछ र त्यस्तो बिरामी बिदा पूर्ण रुपमा सञ्चित हुनेछ । बिरामी बिदा बाँकी नभएको अवस्थामा कुनै कडा रोग लागी सेवामा रही काम गर्न असमर्थ रहेको भनी अस्पतालबाट गठित मेडिकल बोर्डले सिफारिस गरेमा पारिश्रमिक सहितको दुई महिनाको थप बिरामी बिदा र तत्पश्चात एक पटकमा थप तीन

महिनासम्म र सेवाको अवधि भरमा छ महिनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउनेछ ।

तर, त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिँदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनको दरले घर बिदा कट्टी गरिनेछ ।

(५) कार्यकारी निर्देशकले आफैले किरिया बस्नु परेमा कुलधर्म हेरी बढीमा पन्ध्र दिनको किरिया बिदा लिन पाउनेछ ।

(६) कार्यकारी निर्देशकले आफ्नो पदबाट अवकाश पाएमा उपनियम (४) र (५) बमोजिम सञ्चित रहेको घर बिदा र बिरामी बिदाको गणना गरी निज सो पदमा रहँदा खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ । पदमा बहाल छँदै मृत्यु भएमा त्यस्तो रकम निजको परिवारको सदस्यले पाउनेछ ।

(७) पर्व बिदा, भैपरी विदा र किरिया बिदा कार्यकारी निर्देशक आफैंले लिन सक्नेछ । यस्तो बिदाको जानकारी अध्यक्षलाइ दिन पर्नेछ ।

(८) एक महिनासम्मको घर बिदा र बिरामी बिदा अध्यक्षले र सोभन्दा बढी अवधिको घर बिदा, बिरामी बिदा र विशेष बिदा अध्यक्षको सिफारिसमा समितिले स्वीकृत गर्नेछ ।

९) सुत्केरी बिदा अघि पछि गरी जम्मा ६० दिन र प्रसुति स्याहार बिदा १५ दिन बढीमा दुइ पटक सम्म पाउने छ ।

२१. <u>कार्यकारी निर्देशकले पाउने उपचार खर्च</u> : (१) कार्यकारी निर्देशकले निजको एक पदावधि बराबर निजले खाईपाई आएको छ महिनाको तलब बराबरको एकमुष्ट रकम उपचार खर्च वापत पाउनेछ ।

(२) पदावधि पूरा नहुँदै अवकाश भएको अवस्थामा कार्यकारी निर्देशकले उपनियम (१) बमोजिमको उपचार खर्च निजले गरेको सेवा अवधिको दामाशाहीले पाउनेछ ।

(३) कुनै कडा रोग लागि उपचार गराउनुपर्ने अवस्थामा अस्पतालको मेडिकल बोर्डको सिफारिशमा कार्यकारी निर्देशकलाई समितिले उचित ठहराएको थप रकम उपचार खर्च वापत दिन सक्नेछ ।

(४) कुनै निकायको स्थायी दरवन्दीमा कार्यरत भै कार्यकारी निर्देशकमा नियुक्त भएको अवस्थामा उपनियम १ मा उल्लेखित ब्यबस्थाको आधा मात्र भुक्तानी दिइने छ ।

(५) यस दफा बमोजिम पाउने उपचार खर्च बापतको बाकी रकम नीज उक्त पदवाट अवकाश हुदाका वखत भुक्तानी पाउने छ ।

२२. <u>कार्यकारी निर्देशकले पाउने उपदान</u> : (१) अस्पताल वा सरकारी सेवामा कार्यरत नरहेको कुनै व्यक्ति मध्येबाट कार्यकारी निर्देशक नियुक्त भएकोमा निजले कार्यकारी निर्देशकको पदमा गरेको सेवाको प्रत्येक वर्षको दुई महिनाको खाई पाई आएको तलब बराबरको एकमुष्ट रकम उपदान वापत पाउनेछ ।

(२) अस्पताल वा सरकारी सेवामा कार्यरत व्यक्ति कार्यकारी निर्देशकको पदमा नियुक्त भएकोमा निजले पाउने उपदान निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम नै हुनेछ ।

२३. <u>सदस्यको सेवा सुविधा</u> : (१) समितिको सदस्य पद अबैतनिक हुनेछ ।

(२) समितिका सदस्यले पाउने सेवा सुबिधा अनुसूची-१ र ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

२४. समितिको सचिवालय : (१) अस्पतालमा समितिको लागि छुट्टै सचिवालय रहनेछ ।

(२) उपनियम (१) बमोजिमको सचिवालयमा आवश्यक कर्मचारी रहन सक्नेछन् । यस्ता कर्मचारीहरुको ब्यबस्था अस्पतालको मौजुदा कर्मचारीबाट गरिने छ ।

(३) उपनियम (१) बमोजिमको सचिवालयको जिम्मेवारी तथा संरक्षण गर्ने दायित्व सदस्य सचिवको हुनेछ ।

४) समितिको छाप अनुसूची-५ बमोजिम हुनेछ ।

(५) समिति, अध्यक्ष, सदस्य तथा सदस्य सचिवको तर्फबाट जारी गरिने जुनसुकै कागजपत्रमा समितिको छाप हुनुपर्नेछ ।

(६) समितिको छाप सदस्य सचिवको जिम्मामा रहने छ ।

२५. अस्पतालको छाप : (१) अस्पतालको छाप अनुसूची-६ बमोजिम हुनेछ । छापको आकार, डिजाइन र रंग समितिले तोके बमोजिम हुनेछ ।

(२) अस्पतालको छाप कार्यकारी निर्देशकको जिम्मामा रहने छ ।

## परिच्छेद ४
## बिबिध

२६. उपसमिति तथा कार्यदल : (१) अस्पतालको उद्देश्य प्राप्त गर्ने सन्दर्भमा बिबिध बिषयमा अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्न सञ्चालक समितिले आबश्यकता अनुरुप स्थायी तथा अस्थायी प्रकतिका उपसमितिहरु बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका उपसमितिको काम, कर्तव्य र अधिकार र सेवा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(३) अस्पतालले अस्पतालको दैनिक कार्य संचालन तथा ब्यबस्थापन गर्ने सन्दर्भमा आवश्यकता अनुसारका कार्यदलहरु गठन गर्न सक्नेछ । उक्त कार्यदलहरुको जानकारी समितिलाइ दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम गठन हुने कार्यदलको काम कर्तब्य अधिकार तथा सेवा सुबिधा अस्पतालले तोके बमोजिम हुनेछ ।

२७. साझेदारी वा सहकार्यमा काम गर्न सक्ने : (१) अस्पतालको उदेश्य परिपुर्ति गर्ने तथा क्यान्सर रोगको रोकथाम, नियन्त्रण, तथा उपचारका गर्ने उदेश्यले उपयुक्त निकाय वा संघ संस्था संग साझेदारी वा सहकार्य गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य गर्नका लागि कार्यबिधी बनाइ लागु गर्नेछ ।

२८. अधिकार प्रत्यायोजन : (१) समितिले ऐन तथा यस निमयावली बमोजिम प्राप्त अधिकार मध्ये केही अधिकार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफना केही अधिकार सदस्य वा सदस्य सचिवलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

(३) ऐन वा यस नियमावली बमोजिम प्रत्यायोजित अधिकार बमोजिम भए गरेका कामको अन्तिम जिम्मेवारी त्यस्तो अधिकार प्रत्यायोजन गर्ने पदाधिकारीमा नै निहित रहेको मानिनेछ ।

२९. नियमावलीको ब्याख्या : १)यस नियमावलीको कार्यान्वयनको शिलशिलामा कुनै कुरा दुबिधाजनक वा अस्पष्ट भै कुनै निर्णय गर्न कठीन हुन आएमा वा कुनै पदाधिकारीलाइ मर्का पर्न गएमा वा समिति वा अस्पतालको कार्य संचालनमा ब्यबधान उत्पन्न हुन आएमा त्यस्तो दुबिधा वा अस्पष्टता वा ब्यबधान हटाउन समितिले आवश्यक ब्याख्या गर्न सक्नेछ ।

२) उप नियम १ बमोजिम भएको ब्याख्या सवैको लागि मान्य हुनेछ ।

३०. खारेजी र बचाउ : (१) वी पी कोइराला मेमोरियल क्यान्सर अस्पताल नियमावली २०६३ खारेज गरिएको छ ।

(२) उपनियम १ बमोजिम भएका काम कार्वाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

अनुसूची- १

(नियम ९, १२ र २३ सँग सम्बन्धित)

**अध्यक्ष तथा संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु**

१. अध्यक्ष

क) .अथिति सत्कार पत्र पत्रिका, संचार सम्पर्क एवं कार्य संपादनका शिलशिलामा आइ पर्ने अन्य कामका निमित्त मासिक एक मुष्ठ बीस हजार रुपैयां ।

ख) सवारीको निमित्त एक सवारी साधन, एक बरिष्ट सवारी चालकको आधारभूत पारिश्रमिक र सोमा २० प्रतिशत थप सुबिधा । तर अस्पतालकले सवारी चालक उपलब्ध गराएको अवस्थामा यो सुबिधा उपलब्ध हुने छैन ।

ग) मासिक एक सय पचास लिटर पेट्रोल वा दुई सय लिटर डिजेल र आबश्यक अनुसारको मोविल ।

घ) अस्पताल परिशर भित्र रहेको आधारभूत सेवा सुबिधा भएको एकल आवाशिय भवन ।

ड.) सो आवासको विजुली, पानीको वील बमोजिमको खर्च ।

च) राष्टिय चाड पर्वका लाीग बार्षिक एक मुष्ट रु वीस हजार ।

२. सदस्य

क). सदस्यको समितिको बैठकमा भाग लिए बापत प्रति बैठक एक हजार आठ सय रुपैया भत्ता हुने छ ।

ख) बैठकमा भागलिन आउदा जादा सदस्यहरुलाई अस्पतालले सवारी साधन वा हवाइ टिकट र दैनिक भत्ता रु एक हजार आठ सय उपलब्ध गराउनेछ ।

ग). समितिका सदस्यहरुलाइ यस अस्पतालमा उपलब्ध निदान तथा उपचार सेवा निशुल्क र भु.पू सदस्यहरुलाइ ५० प्रतिशत शुल्कमा सेवा प्रदान गराउने छ । बहालवाला सदस्यका परिवारलाइ उक्त सेवामा ९० प्रतिशत छुट दिइने छ ।

अनुसूची - २

(नियम १० सँग सम्बन्धित)

**अध्यक्ष, सदस्य तथा सदस्य सचिवको शपथ ग्रहण**

म ............................................................ देश र जनताको नाममा सत्य निष्ठा पूर्वक शपथ लिन्छु कि बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालक समितिको अध्यक्ष/सदस्य / सदस्य सचिवको हैसियतले मलाई तोकिएको काम कर्तब्य र अधिकारको प्रयोग राष्ट, सेवाग्राही र अस्पतालप्रति वफादार रही डरत्रास, रिसइबी, लोभलालच, पक्षपातमा नपरी, सत्य र ईमान्दारीपुर्वक प्रचलित कानून बमोजिम गर्नेछु। मलाई तोकिएको काम, कर्तब्य रअधिकार सम्बन्धी ज्ञात भएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म सेवामा बहाल रहेको वा नरहेको कुनै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रकट गर्ने छैन।

| शपथ ग्रहण गर्ने व्यक्तिको:- | शपथ ग्रहण गराउने अधिकारीको:- |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| मिति :- | मिति :- |

अनुसूची- ३

(नियम १९ सँग सम्बन्धित)

## कार्यकारी निर्देशकको पारिश्रमिक तथा अन्य सुविधा

१. समितिले तोकि दिए बमोजिमको तलब र भत्ता सुविधा ।

२. पत्र पत्रिका वापत मासिक एक हजार रुपैयां ।

३. अतिथि सत्कार एवं भैपरि खर्च तीन हजार रुपैयां ।

४. एक वर्षमा छत्तिस हजार ननाघ्ने गरी विल बमोजिमको मासिक टेलिफोन महसुल ।

५. अस्पतालको हाताभित्र आधारभूत सुबिधा सहितको एकल आवाशिय भवन र सो आवासको विजुली, पानीको वील बमोजिमको खर्च ।

६. सवारीको निमित्त चालक सहितको सवारी साधन एक र मासिक एकसय पच्चीस लिटर पेट्रोल वा दुई सय लिटरसम्म डिजेल र आवश्यकता अनुरुपको मोबिल ।

७. बर्षमा एक पटक एक महिनाको तलव बराबरको चाडपर्व खर्च ।

८. संचयकोषमा मासिक तलव वाट सयकडा दश प्रतिशतले हुन आउने रकममा शत प्रतिशत थप ।

अनुसूची - ४
(नियम १२ र २३ संग सम्वन्धित)
**पदाधिकारीको दैनिक तथा भ्रमण भत्ता**

१. नेपाल राज्यको कुनै ठाउँमा अस्पतालको कामको सिलसिलामा रात बिताउनु पर्ने गरी भ्रमण वा काजमा खटिंदा देहाय बमोजिमको दैनिक भत्ता दिइनेछ :-

(क) नगरपालिका क्षेत्रको लागि दैनिक भत्ता बापत एक हजार आठ सय रुपैयाँ र महानगरपालिका, उपमहानगरपालिका लागि दुइ हजार सात सय रुपैया ।
(ख) खण्ड (क) बाहेकका अन्य स्थानका लागि दैनिक भत्ता बापत एक हजार दुई सय रुपैयाँ ।
(ग) भ्रमण भत्ता बापत भ्रमणको साधन नभै पैदल भ्रमण गर्नुपर्दा प्रतिकोष पैंत्तालीस रुपैयाँ, भाडाको कुनै सवारी साधनबाट भ्रमण गर्दा लाग्ने भाडा, रेलबाट भ्रमण गर्दा पहिलो दर्जाको टिकट खर्च, हवाईजहाजबाट भ्रमण गर्दा इकोनोमिक टिकट खर्च, अन्य सवारी साधनबाट भ्रमण गर्दा बील बमोजिमको इन्धन तथा मोबीलको खर्च ।
२. नेपाल राष्टभित्र भ्रमण गर्नुपर्दा बीचमा भारतको बाटो भई भ्रमण गर्नुपर्ने अवस्था भई भारतमा रात बिताउनु पर्ने भएमा तोकिएको दैनिक भत्ताको दरमा शत प्रतिशत थप गरी दिइनेछ ।
३. अस्पतालको कामको सिलसिलामा अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा, बैठक, तालीम, अध्ययन भ्रमण आदिमा भाग लिन नेपाल राष्ट बाहिर भ्रमण गर्दा देहाय बमोजिमको रकम ( अमेरिकी डलरको दरमा) दैनिक भत्ता दिइनेछ :-
(क) सार्क क्षेत्रका मुलुकहरूको लागि एक सय पचास यु.एस.डलर,
(ख) सार्क क्षेत्रका मुलुकहरू बाहेक अन्य सबै मुलुकहरूको लागि दुई सय यु.एस.डलर,
४. नेपाल राष्टभित्र वा बाहिर भ्रमण गर्दा भ्रमण वा काज अवधिभर दश लाख रुपैयाँको बीमा तथा स्वास्थ्य बिमा गराउनको लागि आवश्यक प्रिमियम खर्च अस्पतालको तर्फबाट बेहोरिनेछ ।
५. नेपाल राष्ट बाहिर भ्रमणमा जाँदा उपर्युक्त प्रकरण ३ को खण्ड (क) मा उल्लिखित मुलुकहरूको लागि दुइ बर्षमा एक पटक एक सय दश अमेरिकी डलर, खण्ड (ख) मा उल्लिखित मुलुकहरूको लागि एक सय चालिस अमेरिकी डलर र भारतको लागि पचासी अमेरिकी डलर वा सो बराबरको नेपाली मुद्रा लुगाभत्ता बापत दिइनेछ ।

अनुसूचि- ५
(नियम २६ सँग सम्बन्धित)
अस्पताल संचालक समिति

Board of Directors

अनुसूचि- ६
(नियम २५ सँग सम्बन्धित)

अस्पतालको छाप

विवरणः गोलाकारको माथिपट्टि नेपालीमा र तल अंग्रेजीमा अस्पतालको नाम रहनेछ । त्यसभन्दा भित्रपट्टि निलो रङ्गमा जीवनको प्रतिक चिन्ह र सो भन्दाभित्रपट्टि रातो रङ्गको क्रस जसभित्र सेतो रङ्गको ज्वालाले गङ्गटाको ट्यापोलाई जलाई रहेको । रातो क्रसको तल्लो बाहुको ठीक तल अस्पताल स्थापना वर्ष विक्रम सम्बत् तथा इश्वी सम्बत्मा रहनेछ र स्थापना वर्षको ठीक तल BPKMCH, NEPAL रहनेछ ।